(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत पत्र प्राप्त संस्था (तिन जिल्ला कार्यक्षेत्र भएको)

# Mission Development Bank Ltd.

# मिसन डेभलपमेन्ट बैंक लिमिटेड

... towards prosperity

केन्द्राय कायालय, बुटवल, रुपन्दहा फान न. ०७१ – ५५१५८६/८७ , फ्याक्स: ०७१ – ५५१५८५

इमेल: info@missionbanknepal com.np, वेवसाइट :www.missionbanknepal.com.np

## Unaudited Financial Result (Quarterly)

As at 3rd Quarter (2073.12.31) of the Fiscal Year 2073/74

(Rs. in '000)

| S.N. | Particulars | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|---|
| **1** | **Total Capital & Liabilities (1.1 to 1.7)** | **3,083,298.21** | **3,026,304.57** | **2,093,696.76** |
| 1.1 | Paid-up Capital | 194,925.00 | 194,925.00 | 194,925.00 |
| 1.2 | Reserves and Surplus | 123,449.09 | 104,036.99 | 49,513.23 |
| 1.3 | Debenture and Bond | | | |
| 1.4 | Borrowings | - | | 744.14 |
| 1.5 | Deposits (a+b) | **2,635,010.58** | **2,626,325.41** | **1,771,114.60** |
| | a. Domestic Currency | 2,635,010.58 | 2,626,325.41 | 1,771,114.60 |
| | b. Foreign Currency | | | |
| 1.6 | Income Tax Liabilities | | | |
| 1.7 | Other Liabilities | 129,913.55 | 101,017.18 | 77,399.79 |
| **2** | **Total Assets (2.1 to 2.7)** | **3,083,298.21** | **3,026,304.57** | **2,093,696.76** |
| 2.1 | Cash & Bank Balance | 218,822.47 | 215,837.20 | 150,066.86 |
| 2.2 | Money at call and short Notice | 365,524.64 | 479,173.83 | 341,123.99 |
| 2.3 | Investments | 206.30 | 206.30 | 206.30 |
| 2.4 | Loans & Advances (a+b+c+d+e+f) | **2,408,147.23** | **2,257,052.16** | **1,547,036.20** |
| | a. Real Estate Loan | **71,224.84** | **76,356.09** | **74,068.17** |
| | 1. Residential Real Estate Loan (Except Personal Home Loan upto Rs 10 million) | | | |
| | 2. Business Complex & Residential Apartment Construction Loan | | | |
| | 3. Income generating Commercial Complex Loan | | | |
| | 4. Other Real Estate Loan (Including Land Purchase & Plotting) | 71,224.84 | 76,356.09 | 74,068.17 |
| | b. Personal Home Loan of Rs. 10 million or less | 94,137.52 | 93,266.62 | 99,098.22 |
| | c. Margin Type Loan | | - | - |
| | d. Term Loan | 116,530.12 | 130,266.29 | 160,532.14 |
| | e. Overdraft Loan / TR Loan / WC Loan | 802,718.07 | 767,167.18 | 502,584.62 |
| | f. Others | 1,323,536.68 | 1,189,995.99 | 710,753.05 |
| 2.5 | Fixed Assets | 23,266.55 | 24,512.69 | 25,802.91 |
| 2.6 | Non Banking Assets | | - | - |
| 2.7 | Other Assets | 67,331.02 | 49,522.39 | 29,460.49 |
| **3** | **Profit and Loss Account** | | | |
| 3.1 | Interest income | 229,067.62 | 138,995.82 | 140,868.38 |
| 3.2 | Interest Expense | 111,091.74 | 62,569.01 | 64,469.22 |
| **A** | **Net Interest Income (3.1-3.2)** | **117,975.88** | **76,426.81** | **76,399.16** |
| 3.3 | Fees Commission and Discount | 1,302.73 | 802.72 | 1,361.08 |
| 3.4 | Other Operating Income | 18,401.30 | 13,467.48 | 14,765.40 |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | | | |
| **B** | **Total Operating Income (A+3.3+3.4+3.5)** | **137,679.91** | **90,697.01** | **92,525.64** |
| 3.6 | Staff Expenses | 20,931.59 | 14,674.36 | 19,953.37 |
| 3.7 | Other Operating Expenses | 18,616.40 | 11,483.68 | 16,853.81 |
| **C** | **Operating profit Before Provision (B-3.6-3.7)** | **98,131.92** | **64,538.98** | **55,718.46** |
| 3.8 | Provision for Possible Loss | 10,015.63 | 6,927.42 | 5,006.57 |
| **D** | **Operating profit (C-3.8)** | **88,116.28** | **57,611.55** | **50,711.89** |
| 3.9 | Non Operating Income/Expenses (Net) | - | - | (13.83) |
| 3.10 | Write Back of Provision for Possible Loss | | - | - |
| **E** | **Profit From Regular Activities (D+3.9+3.10)** | **88,116.28** | **57,611.55** | **50,698.06** |
| 3.11 | Extraordinary Income/Expenses (Net) | - | - | 19.60 |
| **F** | **Profit Before Bonus and Taxes (E+3.11)** | **88,116.28** | **57,611.55** | **50,717.66** |
| 3.12 | Provision For Staff Bonus | 8,010.57 | 5,237.41 | 4,610.70 |
| 3.13 | Provision For Tax | 24,031.71 | 15,712.24 | 13,832.09 |
| **G** | **Net Profit/Loss (F-3.12 -3.13)** | **56,074.00** | **36,661.90** | **32,274.88** |
| **4** | **Ratios** | | | |
| 4.1 | Capital Fund to RWA | 12.98% | 12.27% | 14.05% |
| 4.2 | Non Performing Loan (NPL) to Total Loan | 0.45% | 0.37% | 0.10% |
| 4.3 | Total Loan Loss Provision to total NPL | 260.32% | 296.52% | 1014.51% |
| 4.4 | Cost of Funds | 7.98% | 6.47% | 4.97% |
| 4.5 | CD Ratio (Calculated as per NRB Directives) | 73.85% | 77.16% | 76.75% |

***Note:*** *Above figure could be changed accordingly , if the NRB and Statutory audit notify any remarks to change*

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०६५ को अनूसूची -१४ को (नियम २२ को उपनियम (२) सँग सम्वन्धित)

## आ.व.२०७३/०७४ को तेश्रो त्रैमासिक प्रतिवेदन

१) **वित्तीय विवरण :**

क) यस विकास बैंकको वासलात,नाफा नोक्सान हिसाब सम्बन्धी विवरण :
यस विकास बैंकको तेश्रो त्रैमासिक अवधिको वासलात तथा नाफा नोक्सान विवरण यसै साथ प्रकाशित गरिएको छ ।

ख) प्रमुख वित्तीय अनुपातहरु :

| | | | |
|---|---|---|---|
| पूंजीकोष अनुपात | १२.९८ प्रतिशत | प्रति शेयर आम्दानी | रु.३८.३६ (बार्षिक) |
| प्रति शेयर कुल सम्पतिको मुल्य | रु १,५८१.७८ | तरलता अनुपात | १९.३३ प्रतिशत |

२) **व्यवस्थापकीय विश्लेषण :**

क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात,आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्बन्धी विवरण :
यस त्रैमासिक अवधिमा उपरोक्त सूचकाङ्कहरुमा उत्साहजनक प्रगति हासिल गरिएको छ । यस त्रैमासिकमा गत त्रैमासिकको तुलना हेर्दा संस्थाको खुँद आम्दानी तर्फ ५३ प्रतिशतले बढेको र गत आर्थिक वर्षभन्दा यस वर्ष खुँद मुनाफा झन्डै ७४ प्रतिशतले बढेको पाईन्छ । जसमा सम्पत्तीको गुणस्तरिय व्यवस्थापन(Assets Quality Management), संस्थागत सुशासनको अक्षरश पालना, कुशल व्यवस्थापन तथा निष्ठावान कर्मचारी समुह, कार्यक्षेत्र विस्तार, ठूलो ग्राहक संख्याको आधार एवं ग्राहक सेवामा सुधार नै प्रमुख कारण रहेका छन् ।

ख) आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यस्थापकको बिश्लेषणात्मक विवरण :
१. बैंकले हाल केन्द्रीय कार्यालय सहित ९ वटा शाखा कार्यालयहरु मार्फत जनताहरुलाई वित्तीय सेवाहरु उपलब्ध गराइरहेको छ । नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार प्राथमिक तथा उत्पादनशील क्षेत्रहरुमा व्यवसाय विविधीकरण गरी थप लगानी विस्तार गर्ने भावी कार्ययोजना रहेको छ ।
२. ग्रामिण क्षेत्रमा बसोबास गर्ने पूँजी एवं धितोको अभावमा व्यवसाय संचालन गर्न नसकेका विपन्न, जागरुक एवं उद्यमशिल महिलाहरुलाई आत्मनिर्भर बनाई गरिबी निवारण तथा वित्तीय पहुँचमा अभिवृद्धि गराउन लघुवित्त सेवा थप विस्तार गरी आफ्नो कार्यक्षेत्र भित्रका प्रत्येक गाँउ विकास समिति तथा नगरपालिकाहरु समेट्दै जाने योजना रहेको छ ।
३. समयको माग र आवश्यकता अनुसार ग्राहकहरुलाई छिटो छरितो अत्याधुनिक बैकिङ्ग सेवा उपलब्ध गराउने उद्देश्यले मोवाइल बैकिङ्ग तथा IPS प्रणाली शुरु गरिसकेको र भविष्यमा ई - बैकिङ्ग प्रविधिमा आधारित अन्य थप सुविधाहरु उपलब्ध गराउने योजना रहेको छ ।

ग) विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएको छैन तथापि अर्थव्यवस्थाका समग्र गतिविधिहरुबाट वित्तीय संस्था पनि प्रभावित हुने भएकाले सोहि अनुरुप वित्तीय कारोवार प्रभावित भईरहेको छ ।

३. कानुनी कारवाही सम्बन्धी :
क) त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको भए/नभएको : नभएको ।
ख) संगठित संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको भए : यस सम्बन्धमा कुनै जानकारी प्राप्त नभएको ।
ग) कुनै सञ्चालक वा संस्थापक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए : यस सम्बन्धमा कुनै जानकारी प्राप्त नभएको ।

४. संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण:
क) धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयर कारोवार सम्बन्धमा व्यवस्थापनको धारणा : यस विकास बैंकका सम्पूर्ण शेयरहरु नेपाल स्टक एक्सचेन्जमा सुचिकृत भैसकेको र धितो पत्र विनिमय बजारमा खुल्ला बजारले प्रतिपादित गरेको मूल्य तथा मान्यता अनुरुप शेयरको कारोवार भईरहेको छ भने समग्रमा यस संस्थाको शेयर अन्य वित्तीय संस्थाको भन्दा अधिक मूल्यमा कारोवार हुनुलाई महत्वपूर्ण उपलब्धिको रुपमा लिएका छौं ।
ख) त्रैमासिक अवधिको शेयरको अधिकतम, न्युनतम, अन्तिम मूल्य, कारोवार भएको कुल दिन तथा कारोवार संस्था :

| | | | |
|---|---|---|---|
| अधिकतम मूल्य | रु.५७१/- | कुल कारोबार भएको दिन | २६ दिन |
| न्यूनतम मूल्य | रु.३४२/- | कुल कारोबार शेयर संख्या | १६३१३ कित्ता |
| चैत्र मसान्तको अन्तिम मूल्य | रु. ४५५/- | कुल कारोबार संख्या | १२२ |

(नेपाल स्टक एक्सचेन्जको वेवसाईट **www.nepalstock.com.np** अनुसार )

५) समस्या तथा चुनौती : यस विकास बैंकले वहन गरेको आन्तरिक तथा बाह्य समस्या तथा चुनौतीहरु निम्न बमोजिम रहेका छन् ।
क) आन्तरिक समस्या तथा चुनौती : बैकिङ्ग क्षेत्रमा देखिएको तिव्र प्रतिस्पर्धा, अधिक तरलता एवं लगानीयोग्य उत्पादनशील क्षेत्रको अभाव साथै निक्षेप, कर्जा तथा लगानीको ब्याजदरमा भईरहने नियमित परिवर्तनले संस्थाको मुनाफा वृद्धिदर कायम राखिराख्नु थप चुनौतीपूर्ण रहेको छ ।
ख) बाह्रय समस्या तथा चुनौती : देशको संक्रमणकालिन राजनैतिक अवस्था, न्युन आर्थिक बृद्धिदर, लगानी मैत्री वातावरणको अभाव, औद्योगीक तथा व्यापारीक क्षेत्रमा व्याप्त श्रम समस्या, उर्जा संकट, अस्थिर व्यवसायिक कानुनी वातावरण, घर जग्गा कारोवारको सुधार गति सुस्त लगायत शेयर बजारमा संकुचन, देशमा हुने बन्द हडताल जस्ता क्रियाकलापले वित्तीय व्यावसायमा प्रतिकुल असर पार्नु प्रमुख बाह्य समस्याहरु हुन् ।
ग) रणनीति :
उल्लेखित समस्या तथा चुनौतीहरु सामना गर्न, गरिबी र विपन्नता हटाउँन साथै लगानी विविधिकरण गरी लघुवित्त सेवा मार्फत सामुहिक जमानीमा जागरुक तथा उद्यमशिल महिलाहरुलाई स-सानो ऋण रकम प्रवाह गरी देशको गरिवी निवारण एवं वित्तीय पहुँच अभिवृद्धिमा ठोस योगदान पु-याउने एवं प्राथमिक तथा उत्पादनशिल क्षेत्रहरुमा लगानी बढाउने, दक्ष जनशक्ती विकासका लागि तालिम लगायत वृत्ति विकासका कार्यक्रमहरु संचालन गर्ने, व्याजदर परिवर्तनको प्रभावलाई न्युनीकरण गर्दै जाने र आधुनिक बैंकिङ्गका सुविधाहरुलाई समेट्दै छिटो छरितो तवरले ग्राहकमुखी सेवा सुविधाहरु उपलब्ध गराउनु नै चुनौती समाधान गर्ने संस्थाको रणनीति रहेको छ ।

६) **संस्थागत सुशासन :**

संस्थागत सुशासन अभिवृद्धिका लागि व्यवस्थापनद्वारा चालिएका कदम सम्बन्धी विवरण :
क) संस्थाले नेपाल राष्ट्र बैक तथा अन्य नियमनकारी निकायद्वारा जारी गरिएका संस्थागत सुशासन सम्बन्धी निर्देशनहरुको पूर्ण रुपमा पालना गरिरहेको छ साथै संस्थागत सुशासन अभिवृद्धिको लागि आन्तरीक नियन्त्रण प्रणाली व्यवस्थित गर्न स्वतन्त्र आन्तरिक लेखापरीक्षक नियुक्त गरिएको तथा प्रत्येक त्रयमासको आन्तरिक लेखापरीक्षण गराई लेखा परीक्षण प्रतिवेदनले औल्याएका सुझावहरुलाई व्यवस्थापन मार्फत कार्यन्वयन गराउन लेखापरीक्षण समिति सदैव क्रियाशील रहेको छ ।
ख) संचालन जोखिम कम गर्न तथा कामलाई व्यवस्थित गर्न विभिन्न आन्तरिक नीति नियम तथा निर्देशिकाहरु तर्जुमा गरी लागु गरिएको छ ।

७) सत्य तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :
आजका मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोषण गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य,तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसूचित गर्न तथा निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।